जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०७५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०८ पृष्ठः ४ | २०८२ चैत्र २० शुक्रबार (Friday 03 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## रामरिझन यादवलाई सामाजिक सम्मान पुरस्कार

### दाहाल प्रतिष्ठानले रामरिझन यादवलाई १ लाख १ हजारसहित सम्मान गर्ने

**विनय आजाद**

सिरहा, १९ चैत्र। दाहाल प्रतिष्ठानले 'पद्मप्रसाद-कृष्ण कुमारी दाहाल सामाजिक सम्मान पुरस्कार-२०८२' यसपालि लेखक एवं वरिष्ठ पत्रकार रामरिझन यादवलाई प्रदान गर्ने भएको छ। चार दशकबढी समयदेखि समाजसेवा, पत्रकारिता, प्राध्यापन, लेखनसहित विभिन्न राजनीतिक अभियानमार्फत समाजमा योगदान दिँदै आएका यादवलाई १ लाख १ हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिनेछ। यादव तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईका प्रेस सल्लाहकारसमेत बनेका थिए।



२०१६ फागुन १७ गते सिरहाको सन्हैठामा जन्मिएका यादवको नेपाली र मैथिली भाषामा आठ वटा कृति प्रकाशित छन्। भाषा र संस्कृति प्रवर्द्धनका लागि क्रियाशील रहेका यादव नेपाल पत्रकार महासंघद्वारा स्वतन्त्रता सेनानी सम्मान, वातावरण पत्रकारिता पुरस्कारसहित दर्जनौँ सम्मान तथा पुरस्कार प्राप्त गरेका छन्। विराटनगर निवासी समाजसेवी बद्रीप्रसाद पहाडी दाहाल आफ्ना मातापिताको स्मृतिमा दस लाख रुपैयाँको अक्षयकोष स्थापना गरेका थिए। त्यसैबाट प्राप्त ब्याजबाट यो सम्मान/पुरस्कार प्रदान गर्ने निर्णय भएको प्रतिष्ठानका महासचिव सूर्यकुमार दाहालले जानकारी दिए।

## बजेट कार्यान्वयनमा मधेश प्रदेशसभा सदस्यको जोड

**धर्बेन्द्र झा**

जनकपुरधाम, १९ चैत्र। मधेश प्रदेशसभाको बिहीबारको बैठकमा प्रदेश सरकारले विनियोजन गरेको चालु आर्थिक वर्ष २०८२/८३ को बजेट समयमा कार्यान्वयन हुन नसकेको भन्दै सत्तासीन तथा प्रतिपक्षी दलका सदस्यले चिन्ता व्यक्त गरेका छन्। बैठकको शून्य र विशेष समयमा बोल्दै अधिकांश सदस्यले बजेट खर्चको अवस्था सुस्त रहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सत्तासीन जनमत पार्टीका प्रदेशसभा सदस्य चन्दन सिंहले सरकारले आफ्नै बजेट कार्यान्वयन गर्न ढिलाइ गरेको आरोप लगाउनुभयो। उहाँले सरकार 'कोठे बैठक' मा मात्र सीमित नभई प्रदेशसभा सदस्यसँग छलफल गरेर समस्याको निकास दिनुपर्नेमा जोड दिनुभयो। यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालकी सदस्य रमिता प्रधानले आर्थिक वर्षको नौ महिना बित्न लाग्दा पनि अपेक्षित खर्च हुन नसकेको भन्दै रोकिएका योजना तत्काल सञ्चालन गर्न माग गर्नुभयो।

जनता समाजवादी पार्टी ( जसपा) नेपालकी सदस्य सुरिता साहले विनियोजित बजेटको कार्यान्वयनसँगै किसानका लागि

**-बाँकी तीन पेजमा**

## ठूला योजना अलपत्र छाडेर टुक्रे योजनाको चिठी बाँड्दै मधेश सरकार

### भौतिक पूर्वाधार विकास तथा ऊर्जा, सिँचाइ र खानेपानी मन्त्रालयअन्तर्गतका ठूला योजनाहरू पूरा गर्न २४ अर्ब बढी बजेट आवश्यक पर्छ। तर सरकारको प्राथमिकता साना तथा टुक्रे योजनामा केन्द्रित देखिन्छ।

**शैलेन्द्र महतो**

जनकपुर, १९ चैत्र। तत्कालीन राष्ट्रपति डा. रामवरण यादवको गाउँ धनुषाको लक्ष्मीनिया गाउँपालिका-४, सपहीमा आर्थिक वर्ष २०६४/६५ मै सपही खानेपानी योजना सुरु भयो। तर, एक हजार घरधुरीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको यो योजना १८ वर्षदेखि अलपत्र छ। ओभरहेड ट्यांकी निर्माणमै सीमित यो योजनाको हालसम्म पाइप जडान हुनै बाँकी छ। योजना सञ्चालनमा आउन नसक्नुको मुख्य कारण हो- बजेट अभाव। खानेपानी डिभिजन कार्यालय महोत्तरीका प्रमुख सञ्जीवकुमार साहका अनुसार योजनालाई पूर्णता दिन अझै २ करोड रुपैयाँ आवश्यक पर्छ। तर पछिल्ला तीन आर्थिक वर्षदेखि बजेट विनियोजन गरिएको छैन।

'२ करोड रुपैयाँ बजेट व्यवस्थापन भएर स्थानीयको श्रमदानसमेतमा पाइप जडान गरी योजना सञ्चालनमा ल्याउन सकिन्छ। तर तीन वर्षदेखि सरकारले बजेट नै विनियोजन गरेन,' उनले भने। यो त एउटा उदाहरण मात्र हो। मधेश प्रदेशका ८ जिल्लामा यस्ता ३७० वटा खानेपानी आयोजना अलपत्र अवस्थामा छन्। दुई दशकअघि सुरु भएका ती योजनाले पर्याप्त बजेट विनियोजन नहुँदा पूर्णता पाउन सकेका छैनन्। संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका यी आयोजनाप्रति न संघ सरकारको चासो देखिएको छ न प्रदेश सरकारकै प्राथमिकतामा छ।

पछिल्लो समय इनार तथा कल सुक्दै जाँदा मधेशमा खानेपानीको समस्या गम्भीर बन्दै गएको छ। यी सबै योजनालाई पूर्णता दिन करिब १० अर्ब रुपैयाँ आवश्यक पर्ने मधेश प्रदेशको ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका निमित्त सचिव रामकुमार खंग बताउँछन्। तर चालु आर्थिक वर्षमा जम्मा १६ करोड रुपैयाँ मात्र बजेट विनियोजन गरिएको छ। 'खानेपानीका ३७० योजना छन्, पूर्णता दिन १० अर्ब बजेट आवश्यक पर्छ। वर्षेनी अत्यन्त न्यून बजेट विनियोजन हुँदा यी योजना कहिले पूरा हुन्छन् भन्न गाह्रो छ,' उनले भने।

यसै मन्त्रालयअन्तर्गत सिंचाइतर्फका करिब ७० वटा योजना पनि यस्तै अवस्थामा छन्। करिब १ अर्ब २५ करोड रुपैयाँमा सम्पन्न हुन सक्ने ती योजनामा यस वर्ष बजेट नै छुट्याइएको छैन।

**-बाँकी तीन पेजमा**

**साधारणसभामा उपस्थित हुने सम्वन्धी सूचना**

यस सिरहा पुनर्स्थापना केन्द्र गोलबजार, सिरहाको पहिलो साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**मिति:** २०८२ चैत २८ गते शनिबार
**समय** : विहान ठिक १०:०० बजे
**स्थान** : होटेल एएफसी, गोलबजार ६

**आयोजक**
**सिरहा पुनर्स्थापना केन्द्र**
गोलबजार ६, सिरहा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सत्ता दाउपेचको होइन जनउत्तरदायी थलो बनोस्

नवनिर्वाचित प्रतिनिधि सभाको पहिलो बैठक नयाँ अनुहार र उत्साहका साथ प्रारम्भ भएको छ। अघिल्लो प्रतिनिधि सभाले जेन–जी आन्दोलनका क्रममा नागरिकको प्रहार भोगेपछि उत्पन्न विषम परिस्थितिका कारण नयाँ निर्वाचन गर्नुपरेको हो। नयाँ निर्वाचनसँगै प्रतिनिधि सभाको परिदृश्य फेरिएको छ। लामो समयदेखि कायम 'हङ पार्लियामेन्ट' अर्थात् त्रिशङ्कु संसद्को संरचनाबाट बलियो सत्तापक्ष र तुलनात्मकरूपमा कमजोर प्रतिपक्षसहितको संसदीय अभ्यासमा प्रवेश भएको छ।

यसअघि नेकपा (एमाले) र माओवादी केन्द्र एकीकृत भएर बनेको नेकपाले पनि झन्डै दुई तिहाइ नजिकको संसदीय शक्ति प्रयोग गरेको थियो। तर त्यो अनुभव फलदायी बन्न सकेन। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको दम्भ, घमण्ड र तुजुकका कारण नेकपा छिन्नभिन्न भयो नै संसद्लाई नै 'क्याप्चर' गरेर निरीह बनाउने प्रयाससमेत मुलुकले देखेभोगेकै हो। त्यस अवधिमा सभामुखको भूमिका पनि निर्विवाद रहेन। कहिले लाचार त कहिले सरकारी प्रस्ताव निर्णयार्थ कार्यसूचीमा राख्नुको साटो बन्धक बनाइएका घटनाहरू देखिए। सरकारसँग सभामुखको 'मुख' मिलेका बेला संसद्लाई 'रबर स्ट्याम्प'का रूपमा सीमित गर्ने प्रयत्नसमेत भएका थिए। सम्भवतः यिनै कारणले प्रतिनिधि सभा निर्वाचनमा मतदाताले पुराना दलहरूलाई कडा सन्देश दिएका हुन्।

अघिल्लो प्रतिनिधि सभाको ३२ महिने कार्यकालमा जम्मा २४ वटा ऐनमात्रै बन्न सके। सत्तापक्ष र प्रतिपक्षबीचको द्वन्द्वका कारण संसद् कहिले १४२ दिन त कहिले १०१ दिनसम्म अवरुद्ध रह्यो। संसद् अवरुद्ध हुँदा विधायिकाको मूल कार्यभार विधेयकमाथिको छलफलसमेत प्रभावित भयो। संसद्को यही निष्क्रियताका कारण संघीय निजामती सेवा ऐन र संघीय प्रहरी ऐन बन्न सकेका छैनन् जसका कारण प्रशासनिक संघीयता १० वर्षदेखि अलपत्र छ। दुई ठूला दलबीचको मतभेदले शिक्षा विधेयकजस्ता महत्त्वपूर्ण कानुनसमेत दराजमा थन्किनु अर्को विडम्बना हो। संविधानअनुसार बन्नैपर्ने कानुनहरूको सूची अझै लामो छ।

अब नयाँ संसद्ले लामो समयदेखि अड्किएका ऐनहरूमाथि सघन बहस गरेर टुंगो लगाउनुपर्छ। संसद्को ओज सांसदहरूको आचरणबाटै स्थापित हुन्छ भन्ने बुझ्न आवश्यक छ। संसद् व्यक्तिगत लाञ्छना र घृणाको आधारमा होइन तथ्य र तर्कका आधारमा सञ्चालन हुनुपर्छ। संसद्को मर्यादा जोगाउने दायित्व स्वयं सांसदहरूको हो। संसदीय अभ्यासमा सभामुखको निष्पक्षता अत्यन्त महत्त्वपूर्ण मानिन्छ। सभामुखको कुर्सीमा बसेपछि संविधानतः नै पार्टी नेतृत्वबाट बाहिरिनुपर्छ। सभामुखले पार्टी छाड्नु निष्पक्षताको अनुभूति दिलाउने आधार पनि हो। सभामुख सदनका अभिभावक हुन्। तर २०४८ पछिको संसदीय अभ्यासमा दमननाथ ढुंगानाबाहेक अधिकांश सभामुख कुनै न कुनै विवादमा परे।

ढुंगानाले 'बहुमतको सरकार र अल्पमतको सदन' भन्ने मान्यतालाई व्यवहारमै अभ्यास गरेका थिए। सदनमा विपक्षीलाई पर्याप्त स्थान दिँदै सरकारलाई स्वेच्छाचारी हुनबाट जोगाउने भूमिका पनि सभामुखकै हो। दुर्भाग्य, पछिल्ला कालखण्डमा सभामुखले सरकारलाई 'रुलिङ' गर्नेभन्दा सरकारको अनुकूलता खोज्ने प्रवृत्ति देखिन थाल्यो। यसले संसदीय शक्तिमाथि नै प्रश्न उठाएको छ। संसद् बलियो बनाउने हो भने सभामुखले सरकारलाई संसद्प्रति जवाफदेही बनाउन 'रुलिङ' गर्ने साहस देखाउनुपर्छ।

नयाँ संसद्ले 'जेन–जी विद्रोह'का बेला संसद् किन आक्रोशको केन्द्र बन्यो भन्ने विषयमा पनि गम्भीर बहस गरेर निष्कर्ष निकाल्नुपर्छ। संसद्को निष्क्रियताकै कारण युवा पुस्ताको आक्रोश संसद्माथि पोखिएको हो। सडकका आवाज र प्रश्न सदनमा नपुगेपछि असन्तुष्टि सडकमै प्रकट हुन्छ। सडकका असन्तुष्टि र प्रश्न सदनमै अभिव्यक्त हुने वातावरण बनाउन प्रारम्भमै सत्तापक्ष र प्रतिपक्ष दुवै प्रतिबद्ध हुनुपर्छ। सांसद भनेका जनताका 'वारेस' हुन्। उनीहरूले जनताका कुरा संसद्मार्फत राज्य संयन्त्रसम्म पुर्‍याउने दायित्व वहन गर्छन्। संसद् अधिवेशन प्रारम्भ हुँदै गर्दा सांसदहरूले बुझ्नुपर्छ संसद् राजनीतिक दाउपेचको अखडा नभई मुलुकलाई आवश्यक नीति र विधि निर्माण गर्ने थलो हो। संसद् सरकारको 'पिछलग्गु' होइन जनताका आवाज उठाउने र जनताका प्रश्नमा सरकारबाट जवाफ माग्ने सर्वोच्च लोकतान्त्रिक मञ्च हो। संसद्लाई संसदीय मूल्यमान्यता र स्थापित परम्पराअनुसार सञ्चालन गर्न सकियो भनेमात्र यसको वास्तविक लाभ हासिल गर्न सकिन्छ। विगतझैँ स्वार्थकेन्द्रित निर्णय र सुविधामुखी प्रवृत्ति दोहोरिए नागरिक असन्तुष्टि फेरि विद्रोहमा रूपान्तरित हुन सक्छ। संसद्लाई वास्तविक अर्थमा जनताको थलो बनाउन सांसदहरू सफल होऊन्।

# हाँगामा उम्रिन्छन् रुखहरू, निर्वासित हुन्छन् जराहरू !

**यज्ञश**

कुनै राज्यमा नियम–कानुनले काम गरेन भने त्यसलाई 'जंगल–राज' भन्ने गरिन्छ। तर, जंगलका पनि केही आफ्नै नियम र कानुन हुन्छन्। जहाँ कानुन हुन्छन्, त्यहाँ अपवाद पनि हुन्छन्। फल खाएर आएको एउटा चरो चिलाउने, पाखुरी वा वरको हाँगामा आएर बस्छ। उसले रुखको हाँगा, काप र कहिलेकाहीँ त बर्खामा पानी जम्मा हुने खोपिल्टामा पुग्ने गरी विष्टा गरिदिन्छ। अनि, आफ्नै लहडमा वेग मारेर अर्को रुखतिर उडेर जान्छ। उसले छोडेको विष्टामा हुन्छ, फलको बिउ। काप र खोपिल्टामा त्यो बिउ उम्रिन्छ। बिरुवाका रूपमा त्यो बढ्छ। त्यसका हाँगा फैलिन्छन्, कोपिला र फल लाग्छन्। यसका जरा जमिनमा पुगेका हुँदैनन्। कालान्तरमा यो विरुवा जब ठूलो रुख हुँदै जान्छ, यसले मूल रुखलाई नै सुकाइदिन्छ, मारिदिन्छ। मूल मरेर माटोमा बदलिँदा यो परजीवी रुख त्यसको अवशेषमाथि खडा भइरहेको हुन्छ।

जंगलको नियमको अपवादको रूपमा यस्ता परजीवी विरुवा जंगलमा बाँचिरहेका हुन्छन्। यस्ता परजीवी वा अतिक्रमणकारी विरुवाका जरा जमिनमा गाडिएका हुँदैनन्। तपाईंले सुनगाभाजस्ता अर्को रुखको हाँगामा लहराउने फूल देख्नु भएको होला। अथवा, अर्को रुखमाथि पलाएको पिपल बढेर रुखैलाई छोपेको पनि देख्नु भएको होला। देख्न त तपाईंले समाजमा त्यस्ता मानिसहरू पनि देख्नु भएको होला, जो सर्लक्कै अरुमाथि उम्रिएर, पलाएर, फूले–फलेर तिनैलाई गिदेंरीको बोटजसरी गिंडेर आफू ठिंग उभिइरहेका हुन्छन् !

तपाईंले अवश्यै त्यस्ता मानिसहरू देख्नु भएको होला। कतिपय अवस्थामा त, आफैँ मूल रुख जसरी उभिनु भएको पनि होला। आफ्नै जरा नभएका मानिसहरूलाई आफूभन्दा अग्लो हुँदै गएको पनि देख्नु भएको होला। किनभने, आखिर समाज पनि एउटा जंगल हो। फरक यत्ति हो, यो जंगल आफ्ना नियम, कानुन र नैतिकताको भ्रममा बाँचिरहेको हुन्छ। जबकि, स्वार्थ र अवसरवादजस्ता चरित्रले समाजलाई दाहिने–बाँयाबाट उछिनिरहेका हुन्छन्। यो जंगलमा पनि नियम छन् र अपवाद पनि छन्।

विश्व राजनीतिलाई हेर्ने हो भने समय खराब भइरहेको छ। एक हप्तामा सकिएला भनिएको रसिया–युक्रेन युद्ध अझै चलिरहेको छ। पाकिस्तान र अफगानिस्तान एक–अर्काका स्थान मेट्न लागि परेका छन्। त्यसमाथि थपियो– इरानमाथि इजराल र अमेरिकाको आक्रमण। यसको असर धेरै ढंगले हामीसम्म आइपुग्यो। लाखौँ नेपाली कार्यरत रहेको खाडीको आकाशमा मिसाइल र ड्रोनको ओहोरदोहोर गरिरहेका छन्। त्यहाँ हानिएका प्रत्येक बमको गन्ध यहाँसम्म आइपुगेको छ। एकातिर वैदेशिक रोजगारीमा पुगेका युवाका परिवार र गाउँलाई यसले आकुलव्याकुल बनाएको छ भने अर्कातिर आधा सिलिन्डर ग्यासले तनाव दोब्बर बनाइदिएको छ। ग्यासको सिलिन्डर आधा भए पनि मानिसको अहंकारको सिलिन्डर भने भरिएकै छ।

संसारको रोचकता केमा छ भने, जुनबेला अमेरिका र इरानबीच युद्ध चर्किइरहेको थियो, त्यही समय १५ मार्चमा अमेरिकाको हलिउडमा वितरण गरिएको ओस्कर अवार्डमा दुई महत्त्वपूर्ण विधा अन्तर्राष्ट्रिय फिचर फिल्म र पटकथामा एक इरानी फिल्म प्रतिस्पर्धामा थियो। प्राविधिक रूपमा फ्रान्सको तर्फबाट पठाइएको भए पनि यो इरानी निर्देशकले फारसी भाषामा बनाएको र इरानमा सुटिङ गरिएको फिल्म हो।

यसले अवार्ड जितेको भए कुनै बेला इरानमा फिल्म बनाउन प्रतिबन्ध लागेका, दुईपटक गिरफ्तार गरेर जेल हालिएका लेखक/निर्देशक जफर पनाहीले कस्तो भाषण गर्थे होलान् ? सायद, उनको फिल्मको शीर्षकजस्तै– 'इट वाज जस्ट एन एक्सिडेन्ट' भन्थे कि ? यो फिल्मले संसारकै प्रतिष्ठित कान्स फिल्म फेस्टिभलमा सर्वोच्च पुरस्कार 'पामडी अर' जित्नुचाहिँ पक्कै दुर्घटना थिएन। पतिको भर्खरै 'इन्भेस्टिगेटिङ जज'मा बढुवा भएको छ। ऊ न्यायाधीश बन्ने लाइनमा उभिएको छ। श्रीमतीको मन असीम गर्वले टम्म भएको छ। स्कुल र कलेज पढ्ने छोरीहरूको आफ्नै अलग दुनियाँ छ। उनीहरूका पिताको यो बढुवापछि परिवारको सामाजिक छवि कसरी कायम राख्ने भन्नेमा आमाचाहिँ छोरीहरूलाई प्रशिक्षित गर्न लागिपरेकी छन्।

यता देशको माहौल बिस्तारै बदलिइरहेको छ। छोरीहरूको अधिक समय बाबुको न्याय, अपराधी र राज्य संयन्त्रको प्रतिष्ठा जोगाउने जद्दोजेहद र आमाको परिवारको प्रतिष्ठा जोगाउने झमेलाभन्दा पर मोबाइल फोनमा बितिरहेको छ। उनीहरूका मोबाइल रिलले भरिएका छन्। आमाले हेर्ने सरकारी समाचार र छोरीहरूले हेर्ने सामाजिक सञ्जालमा एकै समाजमा दुई फरक तस्वीरहरू आइरहेका छन्। फरक दृश्य र भाषा आइरहेका छन्। एकातिर छोरीहरूका स्कुल, कलेज, मोबाइलहुँदै यो कुरा उनीहरूको मन मष्तिस्कमा घुसिरहेको छ भने अर्कोतिर व्यवस्थाको पक्षमा न्यायनिसाफ गर्दा व्यवस्थाविरोधीको तारो हुने सक्ने भनेर सरकारले बाउलाई सुरक्षाका लागि बन्दुक उपलब्ध गराइएको छ। एकै समय घरमा विद्रोह र बन्दुकको प्रवेश भइरहेको छ। तर, न छोरीहरूलाई बन्दुकबारे थाहा छ, न बाउलाई विद्रोहको खबर छ। यी दुईको आमना सामना भए के होला ? यो परिवारको जरा कहाँ टिक्ला ? यो साँच्चिकै जमिनमा पुग्ला कि समाज, राज्य र नैतिकताको बुढो रुखमा यो झुन्डिएर रहला ?

मोहम्मद रसुलोफ पछिल्ला वर्षमा इरानमा जन्मिएका एक अत्यन्त प्रतिभाशाली फिल्म निर्देशक हुन्। माथिको कथा उनकै गत वर्षको फिल्म 'द सिड अफ दि स्क्रेड फिग' को हो। कथा त उनकै र यो फिल्म प्रदर्शनको पनि गजब छ। जफर पनाहीजस्तै रसुलोफ पनि इरानमा फिल्म बनाउन प्रतिबन्ध लागेका फिल्ममेकर हुन्। गत वर्ष उनले 'सिड अफ दि स्क्रेड फिग' कान्स फिल्म फेस्टिभलमा पठाउने तयारी गरेपछि उनलाई गिरफ्तार गर्न खोजियो। फिल्म बनाउन प्रतिबन्ध लागेका रसुलोफ पक्राउ परिएला र फिल्म बीचैमा रोकिएला भनेर सुटिङमा समेत गएका थिएनन् भन्ने मैले पछि कतै पढेँ। युरोपको फेस्टिभलमा फिल्म पठाउँदा फेरि पक्राउ परिने भएपछि रसुलोफ एक जना दलालको साथ लागेर आफ्नो घरबाट सुटुक्क निस्किएका थिए। मोबाइल, क्यामेरा, ल्यापटपजस्ता 'ट्र्याक हुने' सबै डिभाइस घरमै छोडेर उनले लुक्दै पैदल हिंडेर इरानको सीमा पार गरेका थिए। सीमा पार गरेपछि जर्मन दूतावाससँग सम्पर्क गरेर जर्मनी पुग्न उनलाई २८ दिन लागेको थियो।

त्यहाँबाट फ्रान्सको कान्स फिल्म फेस्टिभल पुग्दा उनले विश्वको ध्यान आफूतिर तानेका थिए। कान्समा यो फिल्मले उत्कृष्ट फिल्मको जुरी पुरस्कार पाएको थियो। रोचक त के छ भने यस वर्ष जफर पनाहीको 'इट वाज जस्ट एन एक्सिडेन्ट' जस्तै गत वर्ष रसोलुफको 'द सिड अफ सिक्रेड फिग' ओस्करमा अन्तर्राष्ट्रिय फिचर फिल्ममा मनोनीत भएको थियो। यतिञ्जेलमा तपाईंले अनुमान लगाइसक्नु भयो होला, यो पनि ओस्करमा इरानबाट भने पठाइएको थिएन। यो फिल्म जर्मनीको प्रतिनिधित्व गर्दै ओस्कर पुगेको थियो।

एउटा भ्यानमा केही मानिसहरू कुदिरहेका छन्। उनीहरूका साथमा छ एउटा 'शंकास्पद' व्यक्ति। यसको पहिचान खोज्दै उनीहरू भौँतारिइरहेका छन्। विवाहको फोटोसुट गरिरहेका बेहुला–बेहुली र फोटोग्राफर पनि यो यात्रामा सामेल छन्। यी सबै कुनै न कुनैबेला थुनामा रहँदा यो मानिसबाट दुर्व्यवहार भोगेका मानिस हुन्। उनीहरू आफ्नो 'अब्युजर'लाई सजाय दिन चाहन्छन्। तर, पहिला यसको पहिचान पक्का गर्न चाहन्छन्। रसोलुफको 'द सिड अफ दि स्क्रेड फिड'जस्तै पनाहीको 'इट वज जस्ट एन एक्सिडेन्ट' पनि इरानको राज्यसत्ता, न्याय र जेलको विषयकै वरिपरि घुम्छ। सायद, यी दुवै निर्देशकले आफूले थुनामा रहँदा देखे, भोगेका कुरालाई आफ्नो फिल्ममा ल्याएका हुन सक्छन्। त्यसैले दुवैको शैली डकु–ड्रामाको छ। '...स्क्रेड फिग'मा त रसोलुफ सार्वजनिक स्थलमा हिजाब नलगाएकी भनेर मोरल पुलिसले गिरफ्तार गरेकी र पछि हिरासतमै मृत्यु भएकी मासा अमिनीको प्रसंग ल्याउँछन्। यसको विरोधमा कलेजहरूमा भइरहेका प्रदर्शनका फुटेजहरूलाई उनले फ्रेममा इन्ट्राग्राम रिलजसरी नै ठाडो स्क्रिनमा प्रस्तुत गर्छन्। यो प्रकरणमा सरकारको विरोध र बचाउमा आमा र छोरीहरूको वादविवादलाई भने उनले नाटकीयकरण गरेका छन्। पछि जब सत्ताको समर्थन र विरोधको द्वन्द्व चर्किन्छ र परिवारमै पक्ष विपक्षको लडाइँ हुन्छ, तब यो तनाव 'हाइभोल्टेज ड्रामा'मा परिणत हुन्छ।

'इट वज जस्ट एन एक्सिडेन्ट'मा पनि संवाद, क्यामेरा मुभमेन्ट र द्वन्द्वलाई वास्तविक जीवनका घटनाजसरी प्रस्तुत गरिएको छ। पात्रहरूको अभिव्यक्तिलाई मात्रै नाटकीय ढंगमा प्रस्तुत गरिएको छ। यो शैलीले फिल्मलाई वास्तविक जीवन र संसारसँग अलग हुन दिँदैन। अत्यन्त नाटकीय परिस्थिति, संवाद र प्रस्तुतिलाई पनि कसरी यर्थाथवादी शैलीमा प्रस्तुति गर्ने भन्ने सीपमा यी निर्देशक पारंगत छन्। यो मानिसको वास्तविक पहिचान के होला ? के यसले दुर्व्यवहार गरेकै थियो ? शक्तिको दुरुपयोग गरेकै थियो ? यी पीडितहरूलाई राज्यले न्याय देला कि यिनले आफ्नो न्याय आफैँ खोसेर लेलान् ? भन्ने कौतुहल जगाउँदै उनी कथालाई एउटा स्थलमा पुर्‍याएर छोडिदिन्छन्। बिट नमारी छोडिएको जस्तो देखिए पनि यसले अन्त्यमा दर्शकलाई नै कथामा तानेर पुर्‍याउँछ। कथा वाचनको यो शैली अत्यन्त प्रभावकारी मानिन्छ।

झन्डै ५ महिनाअघि युट्युबमा अपलोड भएको भिडियोमा जफर पनाही मार्टिन स्कोरसेजीसँग न्यूयोर्कमा एक अनुवादक मार्फत् संवादमा छन्, जहाँ उनले स्कोरसेजीलाई सिनेमाको वर्तमान भगवान् भन्छन्। तपाईं कसरी फिल्ममेकर बन्नुभयो भन्ने स्कोरसेजीको प्रश्नमा पनाही आफ्ना पितालाई सम्झिन्छन्। 'मेरा पिताले मलाई जहिले पनि तिमीले भगवान्बाहेक अरु कसैका अगाडि झुक्ने र नतमस्तक हुने होइन भन्नुहुन्थ्यो। ५३ वर्षको उमेरमा एकदिन भ्याङ चढेर रङ लगाउँदै गर्दा उहाँ स्ट्रोक भएर भ्याङबाट लड्नुभयो र आफ्ना साथीहरूका अगाडि नै बित्नुभयो। त्यस दिनदेखि म भगवानलाई जहाँसुकै खोजिरहेको छु। मैले त्यो भगवानलाई आकाशमा भेट्न सकिनँ, बरु मैले दृश्यमा भेटेँ।' त्यसपछि उनी स्कोरसेजीलाई सिनेमाको भगवान् भन्छन् र जुरुक्क उठेर उनलाई प्रणाम गर्दै झुक्छन्।

मार्टिन स्कोरसेजी हलिउडका अहिलेका सबभन्दा ठूला हस्ती मानिन्छन्। कुनै समय रोबर्ट डीनिरोसँग 'ट्याक्सी ड्राइभर' र 'रेइजिङ बुल'जस्ता फिल्म बनाएका स्कोरसेजीले पछि लियोनार्डो डिक्याप्रियोसँग 'डिपार्टेड' देखि 'वुल्फ अफ वालस्ट्रिट'जस्ता फिल्म बनाए। २०२३ मा उनले यी दुवैलाई लिएर 'किलर्स अफ दि फ्ल्वार मुन' बनाए। बनाउन त उनले 'ग्याङ्स अफ न्यूयोर्क' र 'दि आइरिसम्यान' पनि बनाए। अमेरिकी समाजमा व्याप्त रहेका विभिन्न किसिमका हिंसालाई दर्शाउने आफ्नो भिन्न शैलीका कारण स्कोरसेजी र क्वेन्टिन टेरेन्टिनोलाई विशेष बनाएको भन्ने गरिन्छ।

फिल्मको विषय र प्रस्तुतिको शैलीका हिसाबले पनाही र स्कोरसेजीलाई दुई ुवमा राख्न सकिन्छ। यर्थाथ र कल्पनाको

**–बाँकी तीन पेजमा**

## *हाँगामा उम्रिन्छन्....*

सीमारेखा मेटाउनेगरी कथा भन्ने पनाही र हलिउडी स्टाइलको 'पिक्चर'का हिमायती स्कोरसेजीका फिल्ममा ठूलो भिन्नता छ। उदाहरणका लागि आफूलाई फिल्म बनाउन प्रतिबन्ध लाग्दा पनाहीले तेहरानमा ट्याक्सी चलाए। यो ट्याक्सीमा क्यामेरा फिट गरिएको थियो। उनले आफ्ना प्यासेन्जरसँग कुराकानी गर्थे। कतिले उनलाई चिनेर कुरा गर्थे, कतिले नचिनी। यो कुराकानीलाई लिएर उनले २०१५ मा डकुमेन्ट्री फिल्म बनाए– 'ट्याक्सी'। यसमा न कुनै कलाकार छन् न कुनै बनिबनाउ संवाद। इरानबाट 'तस्करी' गरेर यो फिल्म जर्मनी पठाइयो। बर्लिन फिल्म फेस्टिभलमा यसले सर्वोच्च पुरस्कार गोल्डन बेअर जित्यो।

शैली फरक भए पनि फिल्म कलाका यी दुवै महारथी हुन्। संसार एउटै शैली र सूत्रले चल्दैन। त्यस्तो हुन्थ्यो भने सबैको अभिव्यक्ति एउटै हुने थियो। यो लामो संवादमा भने जफर पनाहीले कसरी यसअघि अमेरिका आउँदा आफूले फिंगरप्रिन्ट दिन नमान्दा हत्कडी लगाएर हङकङ फिर्ता पठाइयो भन्ने कुरा पनि बताएका छन्। सानै उमेरमा बालकलाकारका रूपमा अभिनय थालेका पनाही पछि इरानी सिनेमाका भेट्रान अब्बास किरुस्तामीको समिप पुगेका थिए। उनका सहायक पनि भए।

किरुस्तामी र पनाही मिलेर लेखेको फिल्म 'द ह्वाइट बलुन' बाट १९९५ मा पनाहीले अन्तर्राष्ट्रियस्तरमा फिल्ममेकरका रूपमा नाम बनाए। इस्लामिक क्रान्तिपछि धेरै कलाकारहरूले इरान छोडेका बेला देशमै बसेर नयाँ फिल्म नीति बनाउन भूमिका खेलेका किरुस्तामीलाई इरानी फिल्मलाई संसारभर स्थापित गर्ने मुख्य पात्रमध्ये गनिन्छ। उनकै चेला पनाही लगायतले त्यसलाई निरन्तरता दिए। एकातिर माजिद माजिदीका 'चिल्र्डन अफ हेभन'जस्ता बालमनोविज्ञान र संवदेनालाई छुने फिल्म छन् भने अर्कातिर किरुस्तामी, पनाही, मखमलबाखका फिल्महरू छन्। पछि आएर रसोलुफ र असगर फरहादीहरूले इरानी फिल्मलाई अन्तर्राष्ट्रिय मञ्चमा ठूलो सम्मान दिलाए। फरहादीका दुई फिल्म 'अ सेपरेसन' र 'सेल्सम्यान'ले अन्तर्राष्ट्रिय फिचर विधामा ओस्कर जितेका छन्।

आफ्नो फिल्म 'दिअर इज नो इभिल' ले २०२० मा जर्मनीको बर्लिन फिल्म फेस्टिभलमा सर्वोच्च पुरस्कार 'गोल्डन बेअर' जित्दा पनि रसुलोफ त्यहाँ उपस्थित थिएनन्। रसोलुफलाई यात्रा प्रतिबन्ध लागेको र पासपोर्ट जफत गरिएका कारण फिल्मका निर्माताले यो पुरस्कार ग्रहण गरेका थिए। उनीहरूले भावुक भएर 'मोहम्मद अर्को पाली तपाईंहरूमाँझ आउनेछन्, एउटा कलाकारलाई कुनै सत्ताले कला अभिव्यक्त गर्न सधैँ रोक्न सक्दैन' भनेर भन्दा हलमा उठेको तालीको गडगडाहटको एउटा साक्षी म पनि थिएँ।

तालीको गडगडाहटको कुरा गर्दा सम्झिनुपर्ने यस वर्षको फिल्म हो– 'दि भ्वाइस अफ हिन्द रजाब'। यसअघि 'द म्यान हु सोल्ड हिज स्किन' बनाएकी निर्देशक काउथर बेन हनियाको यो फिल्मले युरोपको फिल्म फेस्टिभलको इतिहासमा सबैभन्दा लामो 'स्ट्यान्डिङ अभेसन'को कीर्तिमान बनाएको पनि बनाएको छ। भेनिस फिल्म फेस्टिभलमा जुरी प्राइज जितेको यो फिल्मले फेस्टिभलको प्रिमियर सोमा २३ मिनेट ३० सेकेन्ड लामो स्ट्यान्डिङ अभेसन पाएको रहेछ।

यसपालि ओस्करको अन्तर्राष्ट्रिय फिचर विधामा ट्युनिसियाबाट मनोनीत यो फिल्मबारे थोरै चर्चा गरेर यो आलेखको बिट मार्दै छु। यसको चर्चा किन सान्दर्भिक छ भने, एक त यसले अहिले संसारले आँखा चिम्लिएको बच्चाहरूमा युद्धको असरबारे कुरा गर्छ। र, दोस्रो यो फिल्मबारे खासै चर्चा भएको पनि सुनिँदैन। ट्युनिसियाका तर्फबाट ओस्करमा प्रवेश गरेको भए पनि यो फिल्मका सहनिर्माता हलिउड स्टारहरू छन्। यसमा ब्रड पिटदेखि वाकिन फिनिक्स, रुनी मारा, स्पाइक ली, माइकल मुर र अल्फान्सों कुरों प्रमुख छन्। यी सबै ओस्कर विजेताहरूले यो सानो बटेजको डकु–ड्रामालाई विश्व मञ्चमा पुऱ्याउन आफ्नो नामको प्रयोग गरेको देख्न सकिन्छ।

यो पनि वर्तमान विश्वको एक प्रमुख द्वन्द्वलाई यर्थाथवादी शैलीमा प्रस्तुत गर्ने फिल्म हो। फिल्म हिन्द रजाब नामकी एक ६ वर्षीया बच्चीको कथामा आधारित छ, जसको आवाज मात्रै फिल्ममा सुनिन्छ, उनलाई देखिँदैन। यसलाई वास्तविक घटनामा आधारित फिल्म भनिएको छ। इजरायल–प्यालेस्टाइन युद्धमा गाजा क्षेत्रमा एउटा गाडीमा फसेकी हिन्द राजबको उद्धारको गुहार र उनलाई उद्धार गर्न खटिएको टिमले गरेको संघर्षको कथा यो फिल्मले भन्छ। यो फिल्मले युद्धमा फसेका साधारण मानिसको विवशतालाई हदैसम्म यर्थाथ शैलीमा प्रस्तुत गरेको छ।

फिल्ममा हिन्द रजाबसँग उद्धाररकर्मीले गरेको संवादको वास्तविक फोन रेकर्ड प्रयोग गरिएको छ। उद्धारका लागि खटिएको एम्बुलेन्सदेखि केवल ८–९ मिनेटको दूरीमा रहे पनि युद्धग्रस्त क्षेत्रमा उद्धार कति दुरुह थियो भन्ने यो कथालाई हालै भारतले सिनेमा हलमा प्रदर्शन गर्न प्रतिबन्ध लगाएको छ, इजरायलसँगको सम्बन्ध बिग्रिने भन्दै। इजरायलसँग काँध मिलाएर इरानविरुद्ध युद्धरत अमेरिकाको मोसन पिक्चर एकेडेमीले भने यसलाई ओस्करमा मनोनीत गरेर विश्वव्यापी प्रचार दिलाएको छ।

माथि उल्लिखित फिल्महरूलाई एकथरीले, खासगरी सत्ता र संस्थापन पक्षले 'प्रोपोगान्डा फिल्म' र सत्ताविप्लवका लागि उक्साउने फिल्म पनि भन्ने गरेका छन्। यसै आरोपका कारण फिल्म प्रतिबन्धित हुने र फिल्ममेकरलाई जेलमा हालिने पनि गरिएको छ। कतिपय सन्दर्भमा यस्ता फिल्मले कुनै विचारको पैरवी गर्ने वा अर्कोको कटु आलोचना गर्ने गरेका पनि हुन्छन्। र, कतिपय सन्दर्भमा बन्द समाजको अर्को पक्षलाई विश्वसामु पस्किने काम पनि गरिरहेका हुन्छन्। यिनको अर्थ एवं उपादेयता देशभित्र र बाहिर फरक–फरक हुन सक्छ।

सानो बजार र बजेट भएका हाम्रोजस्ता ठाउँका फिल्ममेकरलाई काम लाग्ला भन्ने ठानेर यी फिल्म र फिल्ममेकरका कथा यहाँ हालिएको हो। यी फिल्ममेकरले जति अठेरोमा फिल्म बनाए, हामीलाई त्यति अठेरो छैन। सेन्सर र सत्ताको त्यस्तो दमन छैन। तर, आक्कलझुक्कलबाहेक हाम्रा फिल्मले जमिनमा जरा टेक्नै नसकेको गुनासो सुन्ने गरिन्छ। २०६२/६३ को परिवर्तनपछि हामीले नयाँ नेपालमा नयाँ सौन्दर्यचेत, नयाँ शैली र नयाँ सिनेमाको बहस गरेकै हो। त्यसको केही प्रतिबिम्ब नेपाली फिल्ममा देखियो पनि। फिल्ममा देखिने भूगोलदेखि संस्कृतिको विविधतामा उल्लेख्य परिवर्तन आएको हो। फिल्ममा दर्शाइने समाज एकादेशको समाजबाट यही देशको जस्तो पनि देखिएकै हो। तर, अखबारका पाना र ओपेडहरूबाट 'नयाँ नेपाल' शब्दजसरी नै नयाँ सौन्दर्यचेतको बहस पनि लगभग हराएझैँ लाग्छ।

मानवीय जीवनमा आइरहेका संकट र जीवनका जटिलतालाई सिनेमाले गाँठो फुकाएजसरी फुकाइदिन त सक्दैन तर अर्काको खुट्टामा गडेको काँडा निकालेको देख्दा आफूलाई सञ्चो महसुस भएजस्तो राहत भने दिन सक्छ। वा, कहिलेकाहीँ मनमा उकुसमुकुस सिर्जना गरिदिन पनि सक्छ। यो सञ्चो र उकुसमुकुसमा नै मानिसलाई जीवनका कतिपय सत्य र भ्रमहरूको बोध हुनसक्छ ! क्रान्तिकारी पुनर्संरचनाको नाराबाट शासकीय चुस्तता र सुशासनको नारामा नेपाली समाज प्रवेश गरिरहेको समयमा विश्वको एउटा कुनाका यी कथाले हामीलाई हाम्रो समयको कथा भन्न प्रेरित गर्न सकुन् ! कथा र शैलीमा विविधता आओस्। कथाको जरा जमिनमा गढेको छ कि यो कुनै अर्को रुखमा उम्रिएको हो भन्ने कुराको ख्याल सुधी दर्शकले आफैँ गर्नेछन्।

बाह्रखरीबाट

# चितवन–पर्सा कम्प्लेक्स प्रस्तावमा चितवनको असहमति

**शारदा पोखरेल**

बारा, १९ चैत्र। पर्सा राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनका लागि चितवन–पर्सालाई एउटै कम्प्लेक्स बनाई सहकार्य गर्ने प्रस्तावमा चितवन राष्ट्रिय निकुञ्जले असहमति जनाएको छ। एउटै टिकटमा दुवै निकुञ्ज घुम्न पाउने वा निश्चित शुल्क थपेर पर्सासम्म आउन सकिने प्रस्तावमा चितवनले सुरुमा असहमति जनाए पनि हाल विभागीय निर्णय भए सकारात्मक सहयोग गर्ने बताएको छ। पर्सा राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकलाई एउटै टिकटमा चितवनसम्म र चितवन राष्ट्रिय निकुञ्जबाट प्रवेश लिएका पर्यटकलाई पर्सासम्म निर्वाध सफारी गराउन सकिने गरी एक वर्षअघि नै विभाग र वन मन्त्रालयमा प्रस्ताव पठाइएको थियो।

गतवर्ष चैत २१ गते भएको ४० औं वार्डेन सम्मेलनले पनि एउटै टिकटबाट दुईवटा निकुञ्ज घुम्न सक्ने विषयमा निर्णय गरेको थियो। यद्यपि, सुरुमा मन्त्रालय तहमा भएको छलफलमा चितवन निकुञ्जका तत्कालीन प्रशासक र मध्यवर्ती क्षेत्रका व्यवस्थापन समिति सकारात्मक नभएको जनाइएको छ। पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाका अनुसार पहिलो प्रस्तावमा चितवनले असहमति जनाएपछि विकल्पका रूपमा २५ सय रुपैयाँ टिकट शुल्क बुझाएपछि चितवन आउने पर्यटकलाई एक दिन पर्सा घुम्न सक्ने व्यवस्था गर्ने आग्रह गरिएको छ।

हाल चितवनमा विदेशी पर्यटकले प्रतिव्यक्ति २ हजार शुल्क बुझाउँछन्, थप ५ सय शुल्कमा पर्सा पनि घुम्न सकिने प्रस्ताव विभागमा पठाइएको खतिवडाले बताए। उनले यसमा सरकारले चाहे तत्कालै कार्यान्वयन हुन सक्ने पनि बताए। पर्सामा वार्षिक १ हजार मात्रै पर्यटक आउँछन् भने चितवन राष्ट्रिय निकुञ्जमा वार्षिक २ लाख ५० हजार देखि ३ लाखसम्म पर्यटक घुम्न आउँछन्। जसबाट चितवनले वार्षिक ३० देखि ३५ करोडसम्म राजस्व संकलन गर्दछ। पर्साले भने मध्यवर्ती क्षेत्रमा काठ, दाउरा बिक्रीबाहेक अन्य माध्यमबाट हालसम्म आम्दानी लिन सकेको छैन।

प्रमुख संरक्षण अधिकृत खतिवडाका अनुसार चितवन राष्ट्रिय निकुञ्ज अन्तर्राष्ट्रिय रुपमा ब्रान्डिङ भइसकेको अवस्थामा पर्साले त्यससँग प्रतिस्पर्धा गरेर बराबर लैजान सम्भव छैन। त्यसैले मित्रता र एकीकृत रुपमा पर्या–पर्यटन विकासका लागि एउटै टिकटबाट दुवै निकुञ्ज घुम्न सक्ने प्रस्ताव राखिएको हो। यसले दुवै निकुञ्जको एकीकृत विकास हुने, होटल तथा पर्यटन व्यवसायी, स्थानीय तह र मधेश प्रदेशले फाइदा लिन सक्ने उनको भनाइ छ। संख्यामा कम भए पनि चितवनमा पाइने सबैखाले दुर्लभ वन्यजन्तु र चराचुरुङ्गी पर्सामा पनि पाइन्छन्।

### मन्त्रालय र स्थानीय पालिका उदासीन

पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र परिषद्का अध्यक्ष सीताराम अर्यालले मन्त्रालय तहमा पटक–पटक विषय उठाउँदा पनि सुनुवाइ नभएको बताएका छन्। वन मन्त्रालयले चितवन वा पर्सा जहाँ पर्यटक बढे पनि राजस्व आफ्नै खातामा जम्मा हुने भएकाले नीतिगत रुपमा पर्सालाई प्रवर्द्धन हुने गरी तत्कालै निर्णय गर्ने पक्षमा नरहेको अर्यालको टिप्पणी छ। प्रचारप्रसारको अभाव र पर्यटनमैत्री संरचना नहुँदा पर्सा निकुञ्जमा पर्यटकहरू खासै आउन चाहँदैनन्। यो मधेस प्रदेशको एक मात्र निकुञ्ज हो। वीरगञ्ज महानगर, जीतपुर सिमरा उपमहानगरसहित ८ वटा पालिकाहरू निकुञ्जसँग जोडिएको भए पनि जीतपुर सिमराबाहेक अन्य पालिकाले पर्यटनमैत्री संरचना निर्माण गरेका छैनन्।

पर्सालाई 'भर्जिन निकुञ्ज' ( पर्यटकको चहलपहल खासै नभएको) मानिन्छ। पर्सा निकुञ्ज जंगली हात्तीको मुख्य वासस्थान क्षेत्र हो। यहाँ दुर्लभ पाटेबाघ, गौरीगाई, गैँडा, भालु, सालक, जरायो, चितुवा, चित्तललगायत ३७ प्रकारका स्तनधारी जनावर, ४९० प्रकारका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रकारका पुतलीहरूको अवलोकन गर्न सकिन्छ। निकुञ्जभित्र वन्यजन्तु अवलोकनका लागि पानी पोखरीसँगै २ दर्जनभन्दा बढी मचानहरू निर्माण गरिएको छ। हात्ती सफारी र जंगल सफारीको माध्यमबाट दुर्लभ एकसिङ्के गैँडा पनि अवलोकन गर्न सकिन्छ। पर्सा निकुञ्ज प्रशासनका अनुसार तत्कालका लागि चितवन घुम्न आएका २० प्रतिशत पर्यटकलाई मात्रै पर्सामा भित्राउन सके ठुलो उपलब्धि हुनेछ।

होटल तथा पर्यटन व्यवसायी मोहन शर्मा भने भारतीय पर्यटकलाई लक्ष्यित गरेर संरचना निर्माण गर्नुपर्ने बताउँछन्। 'सौराहा जाने विदेशी पर्यटकलाई पर्सा ल्याउन र भारतीय पर्यटकलाई पर्सा हुँदै सौराहासम्म जानसक्ने गरी चितवन र विभागसम्म दबाब दिनु जरुरी छ,' शर्माले भने, 'पर्सामा चितवनभन्दा धेरै अवलोकन र अनुभव गर्न सकिन्छ, तर हामीले यसलाई प्रचारप्रसार गर्न सकेनौँ।'

### 'विभागीय निर्णय भए आपत्ति छैन'

यता चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तले भने संघीय सरकारले नीतिगत रुपमा निर्णय गरे चितवनले सकारात्मक सहयोग गर्ने बताएका छन्। 'यो पर्साले उठान गरेको विषय हो, संस्थागत रुपमा हामीलाई केही जानकारी छैन। विभाग, मन्त्रालयले पनि हामीलाई केही सोधेको छैन,' डा. पन्तले भने, 'सरकारले नीतिगत रूपमै निर्णय गरे हामीले समर्थन, विरोध गर्नुपर्ने कारण छैन।'

## *बजेट कार्यान्वयनमा...*

समयमै मलखादको व्यवस्था गर्न आग्रह गर्नुभयो। प्रतिपक्षी दल नेकपा (एमाले) का सदस्य राजकुमार लेखीले आर्थिक वर्ष सकिन केही महिना मात्र बाँकी रहँदा विकास निर्माणका काम कसरी सम्पन्न हुन्छन् भनी प्रश्न गर्नुभयो। उहाँले विगत १० वर्षमा प्रदेश सरकारले सरकारी कामकाजको भाषा कार्यान्वयनमा ल्याउन नसकेको भन्दै आत्मसमीक्षा गर्नुपर्ने बेला आएको बताउनुभयो।

नेपाली कांग्रेसका सदस्य कुमरकान्त झाले जनकपुरधामस्थित आँखा अस्पताललाई रेडक्रसको अधीनबाट अलग राख्नुपर्ने धारणा राख्नुभयो। विशेष समयमा सुनिता यादव, सकिल मियाँ, मनोज सिंह लगायतले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। शून्य समयमा बोल्ने सदस्यले क्यान्सर पीडितलाई दिइने सहयोग समयमै उपलब्ध गराउनु पर्ने, असिनापानीबाट पीडित किसानलाई राहत दिनुपर्ने र मलखादको व्यवस्था गर्नुपर्ने माग राख्नुभएको छ।

सभामुख रामअशिष यादवको अध्यक्षतामा बसेको बैठकमा 'प्रदेश नीति आयोग गठन तथा सञ्चालन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक' समितिको प्रतिवेदनमाथि सैद्धान्तिक छलफल प्रारम्भ भएको छ। छलफलमा भाग लिँदै सदस्यले नीति आयोगमा महिलाको प्रतिनिधित्व हुनुपर्ने, यसलाई सरकारले निजी सचिवालयका रूपमा प्रयोग गर्न नहुने र आयोगले प्रदेशसभा एवं सरकार दुवैसँग समन्वय गर्नुपर्ने सुझाव दिएका छन्। प्रदेशसभाको अर्को बैठक शुक्रबार दिउँसो १ बजे बस्ने गरी स्थगित भएको छ।

# ठुलो परिमाणमा लागु औषध बरामद

**रवीन्द्र उप्रेती**

बर्दीबास, १९ चैत्र। महोत्तरी र धनुषाको सिमानामा पर्ने रातुपुल क्षेत्रमा प्रहरीले ठुलो परिमाणमा लागु औषध बरामद गर्दै चार जनालाई नियन्त्रणमा लिएको छ। लागु औषध नियन्त्रण ब्युरो शाखा बर्दीबास र इलाका प्रहरी कार्यालयको संयुक्त टोलीले विशेष चेकिङका क्रममा धनुषाको लालगढबाट बर्दीबासतर्फ पैदल आइरहेका तीन युवालाई बुधबार राति करिब ८ बजेतिर लागु औषधसहित नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा सिन्धुली, दुधौली नगरपालिका–५, सिरथौली बस्ने २० वर्षीय साजन परियार, २१ वर्षीय दोर्जे लामा र २० वर्षीय दिपेश साह रहेका छन्।

प्रहरीका अनुसार तलासीका क्रममा उनीहरूको साथबाट ट्यापेन्टा ट्याब्लेट ४० पिस र

–बाँकी अन्तिम पेजमा

# लहानका फलफूल र तरकारी गोदामको अनुगमन

## विषादी परीक्षणका लागि पठाइयो नमूना



**मणिलाल विश्वकर्मा**

लहान, १९ चैत्र। स्थानीय व्यापारीहरूले बजारमा विषादीयुक्त फलफूल तथा तरकारी बिक्री गरिरहेको गुनासो बढेपछि सिराहाको लहान क्षेत्रमा फलफूल तथा तरकारीका थोक गोदामहरूमा आकस्मिक अनुगमन गरिएको छ। मुनाफाका लागि उपभोक्तालाई विषादीयुक्त फलफूल र तरकारी बिक्री गरिरहेको जनगुनासो बढेपछि बिहीबार बिहान सप्तरीको राजविराजस्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयको अगुवाइमा लहान क्षेत्रका आधा दर्जन ठुला फलफूल तथा तरकारी गोदामहरूमा आकस्मिक अनुगमन गरिएको हो। अनुगमनपछि फलफूल तथा तरकारीमा विषादी परीक्षणका लागि नमुनासमेत संकलन गरिएको छ।

डिभिजन प्रमुख विमल भट्टराईको नेतृत्वमा रहेको अनुगमन टोलीले स्थानीय शुभलक्ष्मी फ्रुट सेन्टर, जय श्री माता फ्रुट सेन्टर, शिवबाबा फ्रुट सेन्टर, जय मा भवानी ट्रेडर्स, मा लक्ष्मी फ्रुट सेन्टर र सोहेल ट्रेडर्स तरकारी बजारको अनुगमन गरेको हो। अनुगमनका क्रममा संकलित नमुनामा विषादीको मात्रा परीक्षण गर्न तत्काल जनकपुर पठाइएको डिभिजन प्रमुख भट्टराईले जानकारी दिए। 'मूल्य तिरेपछि स्वच्छ तरकारी र फलफूल खान पाउनु उपभोक्ताको अधिकार हो,' उनले भने, 'बजारमा बिक्री भइरहेका फलफूल तथा तरकारीहरूमा विषादीको अवस्था र मात्रा बुझ्न नमुना संकलन गरिएको हो।'

अगुगमन टोलीका खाद्य निरीक्षण अधिकारी राजिन बुढाथोकीका अनुसार संकलित नमुनाको अन्तिम प्रतिवेदन शुक्रबारसम्म आउनेछ। 'नमुना परीक्षणको नतिजा नआएसम्म फलफूलमा विषादीको मात्रा कति छ भनेर अहिले नै भन्न सकिँदैन,' उनले भने, 'परीक्षण प्रतिवेदन आएपछि थप प्रक्रिया अघि बढ्छ।'

**'स्थानीय तहले परीक्षण प्रविधि राख्न जरुरी'**

अनुगमनमा जिल्ला उद्योग वाणिज्य संघ सिराहा, लहानका अध्यक्ष प्रदीपकुमार गुप्तासमेत सहभागी थिए। अध्यक्ष गुप्ताले स्थानीय बजार अनुगमनलाई औपचारिकतामा मात्र सीमित नराखी निरन्तरता दिनुपर्ने र स्थानीय तह स्वयंले पनि वेलावेलामा अनुगमन गर्नुपर्नेमा जोड दिए। 'स्थानीय तहले आफ्नै विषादी परीक्षण प्रविधि र संरचना खडा गर्न जरुरी छ,' उनले भने, 'स्थानीय सरकारले आफ्नो क्षेत्रका नागरिकले कस्ता खानेकुरा खाइरहेका छन् भन्ने विषयमा नियमित निगरानी गर्नुपर्छ।'

लहान क्षेत्रका थोक गोदामहरूबाट सिराहाका साथै छिमेकी जिल्लाहरू सप्तरी र उदयपुरसम्म फलफूल तथा तरकारी वितरण हुने गरिरहेको संघले जनाएको छ। फलफूल तथा तरकारी ठुलो क्षेत्रमा समेत आपूर्ति हुने भएकाले स्थानीय स्वच्छताले समग्र क्षेत्रको जनस्वास्थ्यमा पनि प्रभाव पार्ने हुँदा विषादी परीक्षण र स्वच्छतामा ध्यान दिइनुपर्ने जानकारहरू बताउँछन्।

# मालपोत र नापीमा अनधिकृत व्यक्ति प्रवेश निषेध

काठमाडौँ, १८ चैत्र। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिसँग सम्बन्धित सबै कार्यालयमा अनधिकृत व्यक्ति (बिचौलिया) लाई प्रवेश निषेध गर्न निर्देशन दिएको छ। मन्त्री प्रतिभा रावलको निर्देशनमा आज सचिवस्तरीय निर्णयबाट देशभरका नापी तथा मालपोत कार्यालयमा परिचय खुल्ने कागजात हेरेर मात्रै प्रवेश गराउन सम्बन्धित विभागले पत्राचार गरेको हो। कार्यालयहरूमा विभिन्न बहानामा अनधिकृत व्यक्ति प्रवेश गरी कार्यालयका महत्त्वपूर्ण कागजात र स्रेस्तामा पहुँच राख्ने गुनासो आएकाले अब परिचय खुल्ने कागजात भएका व्यक्ति मात्रै कार्यालयमा प्रवेश गराउन भनिएको छ। मन्त्रालयले कार्यालयका गोप्य र संवेदनशील कागजातमा अनधिकृत व्यक्तिको अनियन्त्रित पहुँच बढेको भन्दै यस्तो कदम चालेको जनाएको छ।

निर्देशनमा कार्यालयका विभिन्न फाँटमा हुने भीडभाड र कागजातको सुरक्षामा गम्भीर प्रश्न उठाउँदै अनधिकृत व्यक्ति प्रवेशमा रोक नलगाएको खण्डमा कार्यालय प्रमुख जिम्मेवार हुने बताएको छ। अनधिकृत व्यक्तिलाई निषेध गरेपछि सेवाग्राहीले निवेदन र कागजात देखाएर सहजै सेवा पाउने विश्वास मन्त्रालयको विश्वास छ।

### ठूला योजना...

संघीय सरकारले पनि न्यून मात्र अनुदान उपलब्ध गराउँदै आएको छ। हस्तान्तरण भइसकेपछि योजनामा प्रदेश सरकारको जिम्मेवारी भए पनि कार्यान्वयनमा खासै ध्यान दिएको देखिँदैन। 'संघीय सरकारबाट हस्तान्तरण भइसकेका योजना प्रदेश सरकारकै जिम्मामा हुन्छन्। तर यस्ता महत्वका ठूला योजनामा प्रदेश सरकारको खासै चासो देखिँदैन। प्राथमिकता साना योजनामै केन्द्रित छ', एक अधिकृतले सुनाए।

ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय अन्तर्गतका ठूला तथा रुग्ण योजनालाई पूर्णता दिन करिब साढे ११ अर्ब रुपैयाँ आवश्यक पर्ने देखिन्छ। बजेट भने साना–साना योजनामा छरिएर विनियोजन हुँदै आएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत मधेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ६४ वटा सडक निर्माण भइरहेका छन्। ती सडक योजनाहरू सम्पन्न गर्न करिब ६ अर्ब रुपैयाँ थप आवश्यक रहेको मन्त्रालयले जनाएको छ। तर चालु आर्थिक वर्षमा १ अर्ब ६० करोड रुपैयाँ मात्रै विनियोजन गरिएको मन्त्रालयका सचिव सञ्जयकुमार साहले बताए।

मन्त्रालयका सचिव साहका अनुसार भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतकै पुराना योजनाहरू सम्पन्न गर्न मात्रै १२ अर्ब रुपैयाँभन्दा बढी बजेट आवश्यक छ। तर यस्ता योजनाहरूमा मधेश सरकारले पर्याप्त बजेट छुट्याउन सकेको छैन। भौतिक पूर्वाधार विकास मन्त्रालय तथा ऊर्जा, सिँचाइ र खानेपानी मन्त्रालयअन्तर्गतका ठूला अधुरा गौरवका आयोजनाहरू पूरा गर्न करिब २४ अर्ब रुपैयाँभन्दा बढी बजेट आवश्यक देखिन्छ। तर सरकारको प्राथमिकता भने साना तथा टुक्रे योजनामा केन्द्रित देखिन्छ।

यसको उदाहरणका रूपमा हालै सरकारले पुनः अघि बढाएको उपभोक्ता समितिमार्फत गरिने काम हो। उपभोक्ता समितिमार्फत काम गर्दा 'चिट्ठा खरिद–बिक्री' जस्ता अनियमितताको आरोप लाग्दै आएको छ। यसले मधेश प्रदेश बदनाम छ। यद्यपि, यिनै समितिमार्फत काम गराउन कृष्णप्रसाद यादव नेतृत्वको सरकार अग्रसर छ। यसबीच, मधेश सरकार आर्थिक दबाबमा परेको छ। तत्कालीन जनमत पार्टीका सतीशकुमार सिंह नेतृत्वको सरकारका अर्थमन्त्री सुनिलकुमार यादवले असार १ गते प्रस्तुत गरेको ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेटबाट अहिले १२ अर्बभन्दा बढी घट्ने अनुमान अर्थ मन्त्रालयले गरेको छ। हाल मधेश सरकारको मौज्दातमा विकास खर्चका लागि उपलब्ध रकम न्यून रहेको छ।

एक सांसदका अनुसार २५ लाखसम्मका योजनाहरू समर्पण गर्ने कुरा उठेको थियो। तर मन्त्री, दल र तिनका सांसदहरूको जोडबलले सरकार पुनः २५ लाखसम्मका योजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने दिशामा अघि बढेको छ। यसकारण मधेश सरकारको मन्त्रालय र मातहतका कार्यालयबाट उपभोक्ता समितिका चिठीहरू वितरण सुरु भइसकेको छ। जसको कारण उभोक्ता समितिको चिठी हात पार्न मन्त्रालय लगायत मातहतका निकायहरूमा प्रदेश सांसद, तिनका आफन्त, कार्यकर्ता र बिचौलियाको दौडधुप सुरु भएको छ।

टुक्रे योजनाका कारण मधेश सरकार बदनाम हुने र त्यस्तै प्रकृतिका योजना स्थानीय तहले कार्यान्वयन गर्दा प्रदेश सरकारप्रतिको अपनत्वसमेत महसुस नहुने मधेश सरकारकै एक सचिव बताउँछन्। 'मधेश सरकारले संघीय सरकारभन्दा तल र स्थानीय सरकारभन्दा केही माथिका मझौला तथा गौरवका योजना ल्याउनुपर्ने हो, त्यसलाई प्राथमिकता दिनुपर्ने हो,' ती सचिव भन्छन्, 'तर स्थानीय तहकै जस्तो प्रकृतिका योजना कार्यान्वयन गर्दा मधेश सरकार बदनाम भएको छ।'

# सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममै मात्र प्रकाशन गर्न निर्देशन, पत्रकार महासंघको विरोध

### उक्त पत्रअनुसार अब सरकार विज्ञापन र सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता सरकारी स्वामित्वका सञ्चार माध्यममै प्रकाशन गर्नुपर्ने छ।

काठमाडौं, १८ चैत्र। सरकारले सरकारी खर्चमा मितव्ययिता कायम तथा सूचना प्रकाशन प्रक्रियालाई पारदर्शी र एकरूप बनाउन भन्दै सरकार सञ्चार माध्यममामात्र विज्ञापन प्रकाशन प्रकाशन गर्न निर्देशन दिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारले जारी गरेको पत्रअनुसार अब सार्वजनिक निकायहरूले आफ्ना सूचना तथा विज्ञापनहरू सरकारी सञ्चार माध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्नुपर्ने छ।

शाखा अधिकृत विनोद रेग्मीले सचिवस्तरबाट बुधबार भएको निर्णयअनुसार संघ, प्रदेश र स्थानीय तहका सबै निकायहरूले प्रेषित गरेका छन्। उक्त पत्रअनुसार अब सरकार विज्ञापन र सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता सरकारी स्वामित्वका सञ्चार माध्यममै प्रकाशन गर्नुपर्ने छ। त्यस्तो प्रकाशन तथा प्रसारणको भुक्तानी गर्दा सम्बन्धित सञ्चार संस्थाको आधिकारिक खातामा मात्र रकम जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ। भुक्तानी दर र छुटसम्बन्धी विषय पनि सम्बन्धित सञ्चार माध्यमबाट स्वीकृत हुनुपर्ने उल्लेख गरिएको छ।

सरकारको यो निर्णयपछि अब सरकार कुनै पनि विज्ञापन निजी क्षेत्रका सञ्चार माध्यममा प्रकाशन र प्रसारण हुन पाउनेछैनन्। अहिले धेरै सञ्चार माध्यमहरू सरकारी विज्ञापनको आधारमा टिकेका छन्। सञ्चार माध्यम टिक्ने मूल आधार विज्ञापन हो। यस्तो विज्ञापनमा सरकार सरकारी सञ्चार माध्यममा मात्र एकद्वार नीति लागु गर्दा धेरै सञ्चार माध्यम अब बन्द हुने अवस्थामा जाने भन्दै सञ्चार क्षेत्रका सरोकारवालाहरूले आपत्ति जनाइरहेका छन्।

पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले सरकारको यो कदम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने कोशिस भएको टिप्पणी गरेकी छन्। 'निजी सञ्चार माध्यममाथि सरकारी विज्ञापन रोकेर प्रहार गरेको छ ! हामी सँग सामान्य छलफल पनि भएको छैन ! यो खालको निर्णय लोकतन्त्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अंकुश लगाउने षड्यन्त्र हो,' अध्यक्ष शर्माले भनेकी छन्।

यो निर्णय तत्काल नसच्याए आन्दोलन गर्ने उनले बताएका छन्। 'निजी सञ्चार माध्यमहरूको लोकतन्त्रका ल्याउनका लागी ठूलो भूमिका छ र थियो ! सरकारी निर्णय सच्याउनु जरुरी छ ! यो निर्णय विरुद्ध महासंघ देशव्यापी आन्दोलन गर्छ ! यसको नेपाल पत्रकार महासंघले घोर भर्त्सना गर्छ' उनले भनिन्।

### ठुलो परिमाणमा...

स्पासरेष्ट ट्याब्लेट ४० पिस फेला परेको थियो। प्रारम्भिक सोधपुछमा उनीहरूले उक्त लागु औषध धनुषाको मिथिला नगरपालिका–६ स्थित अनु फार्मेसी, ढल्केबरबाट खरिद गरेको बताएका थिए। यस आधारमा इलाका प्रहरी ढल्केबर र ब्युरो टोलीले फार्मेसीमा छापा मार्दा ट्यापेन्टा ट्याब्लेट ७६०० पिस, स्पासरेस्ट २० एमजी ९५० पिस, डोएल ७५ एमजी ६०० पिस, डोएल १०० एमजी ९४४ पिस ट्याबलेट र नगद १ लाख ३५ हजार रुपियाँ बरामद भएको छ। फार्मेसी सञ्चालक ५० वर्षीय रामकुमार महत्तोलाई समेत नियन्त्रणमा लिइएको छ। पत्राउ परेका चारै जनामाथि इलाका प्रहरी ढल्केबरले अनुसन्धान र आवश्यक कारबाही सुरु गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)